# कचनकवल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बनियानी, झापा
१ नं. प्रदेश,नेपाल

पत्र संख्या: २०७९/०८०(प्रशासन शाखा)
चलानीनं.: ३५६

मिति:- २०७९-०५-८ गते

**विषय :- निर्णय कार्यन्वयन गराउने सम्बन्धमा |**

श्री वडा कार्यालयहरु सबै
कचनकवल गा.पा.बनियानी,झापा |

प्रस्तुत विषयमा श्री जिल्ला प्रशासन कार्यालय झापाको च.नं.१३६३ मिति २०७९/०५/०७ गतेको पत्र र मिति २०७९/५/६ गते बसेको कार्यालय प्रमुख बैठकको निर्णय यसै पत्रसाथ संलग्न राखी पठाईएको छ | व्यहोरा उक्त पत्र तथा निर्णयबाट नै अध्ययन गरि सोहि बमोजिम निर्णय कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ |

०५/०८

कुमार बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

**वोधार्थ :-**

श्री जिल्ला प्रशासन कार्यालय ,भद्रपुर ,झापा |

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

झापा

☎ ०२३- ४५५१२५ कार्यालय
४५५०८८ फ्याक्स
४५६१९१ कार्यालय
४५६१९७ प्रजिअ आवास
४५५१६६, ४५५०६६, ४५५१९८

पत्र संख्या :-०७९/८०

चलानी नं. :- १,३६३

(............................ फाँट)

मिति :-२०७९/०५/०७

**विषय :-** निर्णय पठाइएको सम्बन्धमा ।

कञ्चनजङ्घा ...
दर्ता नं. ३८६
मिति २०७९/५/८

श्री जिल्ला स्थित कार्यालयहरु सबै
झापा ।

प्रस्तुत बिषयमा प्रमुख जिल्ला अधिकारी श्री छविलाल रिजालज्यूको अध्यक्षतामा मिति २०७९/०५/०६ गते बसेको जिल्लास्थित कार्यालय प्रमुखहरुको बैठकको निर्णय छायाँप्रति (पाना-१) यसै पत्रसाथ संलग्न राखि पठाइएको आदेशानुसार अनुरोध छ ।

२०७९/०५/०६

प्रशासकीय अधिकृत

श्री प्रशासन
का. प्र. बैठकको निर्णय नं. ८, ३२४
कार्यान्वयन गर्नु हुन सो आवश्यक कार्यालयमा
जानकारीका लागि सबै ...
पत्राचार गर्नु हुन
०५/०८

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
झापा

## मिति २०७९/०५/०६ गतेको कार्यालय प्रमुख बैठकका निर्णयहरू:

१. मिति २०७९/०४/०३ गते बसेको कार्यालय प्रमुखको बैठकका निर्णय कार्यान्वयन अवस्थाको समिक्षा गरियो।

२. राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागबाट प्राप्त परिपत्र अनुसार अनलाईन प्रणालीबाट जारी भएको व्यक्तिगत घटना दर्ता प्रमाणपत्रलाई मात्र आधिकारिक मान्यता दिने हुँदा सो अनुसार सिफारिस पठाउन स्थानीय तहलाई अनुरोध गर्ने।

३. प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचन २०७९ का लागि सबै कार्यालयहरूले आफ्ना कर्मचारीको विवरण अध्यावधिक गरी जिल्ला निर्वाचन कार्यालयले मागेको ढाँचामा पठाउने।

४. जिल्लास्थित सबै कार्यालयको आफ्नो र अन्तर्गतका निकाय संघ/संस्थाको CCTV जडानको संख्या र अवस्था खुलाई जिल्ला प्रशासन कार्यालयमा अविलम्ब पठाउने निर्णय गरियो।

५. गिट्टी ढुंगा बालुवाको मापदण्ड कार्यान्वयन गर्ने सम्बन्धमा आ-आफ्नो क्षेत्र अन्तर्गतको नदिजन्य पदार्थको उत्खनन भए/नभएको सम्बन्धित स्थानीय तहबाट अनुगमन गर्न अनुरोध गर्ने र उक्त कार्यमा जिल्लास्थित सुरक्षा निकायले सहयोग गर्ने निर्णय गरियो।

६. चोरी, लुटपाट, दुर्घटना लगायतका आपराधिक घटना नियन्त्रण प्रभावकारी रूपमा गर्न राजमार्ग तथा सडकहरूमा CCTV Camera जडान गर्नका लागि सम्बन्धित स्थानीय तहसँग अनुरोध गर्ने, यसका साथै सबै सरकारी कार्यालयले कम्पाउण्ड वरिपरि CC Camera राख्ने व्यवस्था मिलाउने।

२०७९-५-६

प्रमुख जिल्ला अधिकारी